आर्थिक वर्ष २०८१।८२ को

नगर प्रमुख श्री रेनु दाहाल बाट प्रस्तुत हुने प्रस्तावित

# नीति तथा कार्यक्रम

# भरतपुर महानगरपालिका

## १० आषाढ २०८१

वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पाताल, सभाहल

**भरतपुर महानगरपालिका नगरसभाको पन्ध्रौ अधिवेशन समुद्घाटन समारोहमा नगर प्रमुख श्री रेनु दाहालद्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यज्यूहरू,**

पहिलो कार्यकालमा हाम्रै नेतृत्त्वको नगर कार्यपालिकाले अङ्गीकार गरेको **"मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने अवधारणा एवम् दीर्घकालीन सोचलाई निरन्तरता दिई महानगरको विकास र जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यस ऐतिहासिक **पन्ध्रौ** नगरसभामा सहभागी भईरहेका छौं। यस अवसरमा म मुलुकको राजनीतिक, सामाजिक परिवर्तनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।साथै, विभिन्न समयका लोकतान्त्रिक आन्दोलन, जनयुद्ध एवं मधेश आन्दोलनका घाईते, योद्धा, बेपत्ता नागरिक र तिनका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु।

व्यावसायिक कृषि, पर्यटन, दिगो पूर्वाधार विकास र आधुनिक प्रविधिको प्रयोग मार्फत् समृद्ध महानगरपालिका निर्माण गर्ने लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट सामाजिक न्यायसहित महानगरवासीको खुसी, विकास र समृद्धिको आकाङ्क्षालाई मूर्त रूप दिने हाम्रो प्रतिबद्धता रहेको छ। उपलब्ध स्रोतसाधनको सीमाभित्र रहेर जनताले अपेक्षा गरे अनुरुप परिवर्तन महसुस हुने गरी महत्त्वपूर्ण र रुपान्तरणकारी अधिकांश योजनाहरू सम्पन्न भइसकेका छन् भने कतिपय सम्पन्न हुने चरणमा रहेको तथ्य हामी सबैलाई जगजाहेर नै छ।

भरतपुरको विकास, समृद्धी र यहाँको पर्यटकीय आकर्षणलाई स्वदेश एवम् विदेशमा समेत सुनिश्चित गर्न वर्क्ष २०२४ लाई घुमौं भरतपुर भन्ने नाराका साथ उत्सवमय वातावरणमा सम्माननिय प्रधानमन्त्रिज्यू, पूर्व प्रधानमन्त्रिज्यूहरु लगायत अति विशिष्ट महानुभाव र लाखौं

जनसमुदायको उपस्थितिमा समुद्घाटन गरि भरतपुर भ्रमण वर्ष मनाई रहेका छौं। म यस अवसरमा भरतपुर भ्रमण वर्ष २०२४ लाई अझै भव्य रुपमा सम्पन्न गर्न सबै सबैलाई पुनः आग्रह गर्दछु।

स्थानीय सरकारको नेतृत्वको हैसियतमा हाम्रो पहलमा सङ्घ र प्रदेश सरकारको समेत समन्वय, सहजीकरण एवम् साझेदारीमा महानगरको समग्र विकासमा तत्कालीन र दीर्घकालीन महत्त्वका विभिन्न आयोजना, परियोजनाहरू अघि बढेको हामी सबैलाई विदितै छ।

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# शहरी पूर्वाधार विकास

१. **"व्यवस्थित पूर्वाधार, समृद्धिको आधार"**को अवधारणा बमोजिम भरतपुर महानगरपालिकालाई **समृद्ध, स्वच्छ, सफा, हरियालीयुक्त र सुरक्षित महानगरका** रूपमा विकास गर्न एकीकृत सहरी विकास गुरू योजना तर्जुमा गरी दिगो र आत्मनिर्भर सहरी पूर्वाधारहरू निर्माण गरिने छ।

२. महानगरपालिकाका मुख्य सहरी क्षेत्रमा सडक कालोपत्रेसँगै सतह ढल निर्माणको नीति लिइने छ ।संघीय सरकारको लगानीमा महानगरभित्रका मुख्य सहरी क्षेत्रमा प्रशोधन सहितको ढल निकास र वडा नं. २९, रामनगर, नारायणगढ र भरतपुर बजार क्षेत्रलाईसमेत समेट्ने गरी **एकीकृत सहरी खानेपानी तथा ढल व्यवस्थापन आयोजना** आ.व. ०८१।०८२ देखि कार्यान्वयन गर्न आवश्यक समन्वय गरिने छ।

३. **"उज्यालो भरतपुर"** अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा महानगरपालिकाका मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट

सडक बत्ति, हाई मास्ट एवम् मिनी मास्ट बत्ति जडान र विस्तारको पहिलो चरण सम्पन्न भइसकेको र दोस्रो चरणमा १५० कि.मि. सडकमा १० हाई मास्ट, ६० स्थानमा मिनी मास्ट बत्ति जडान कार्य आ.व. ०८१।०८२ मा सम्पन्न गरिने छ ।

४. **"हरित ऊर्जाको खपत, पेट्रोलियम पदार्थको बचत"** भन्ने नीति अनुरूप विद्युतीय सवारी साधन प्रयोग गर्न प्रोत्साहित गरिने छ । सहज चार्जिङको लागि भरतपुर केन्द्रीय बसपार्कमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा चार्जिङ्ग स्टेसन सञ्चालनमा ल्याइएको छ भने वडा नं. १ को रामनगरमा देशकै ठूलो चार्जिङ स्टेशन निर्माण गर्नुको साथै गीतानगर, चनौली, नारायणगढ बसपार्क र महानगरपालिका परिसरमा समेत चार्जिङ्ग स्टेसन निर्माण गर्ने कार्य अगाडि बढाइने छ।महानगरपालिकाले सवारीसाधन खरिद गर्दा विद्युतीय सवारी साधन खरिद गर्न प्राथमिकता दिइने छ।

५.भरतपुर महानगरपालिकाको विद्युत प्रणालीलाई व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा ३३ के.भी.ए. क्षमताको देवनगर सबस्टेशन आ.व. २०८०।८१ मा सञ्चालनमा आएकोमा वडा नं. २६ को दिव्यनगरमा १३२ के.भी.ए. क्षमताको सबस्टेशनका लागि जग्गा प्राप्ति भइसकेकाले निर्माण गर्न आवश्यक समन्वय गरिने छ।

६.संघीय सरकारका सम्बन्धित निकायहरूको सहयोग तथा समन्वयमा साझा पूर्वाधार अवधारणा अनुसार महानगरपालिका क्षेत्रभित्रका विद्युत, टेलिफोन, केबुल लाइन र इन्टरनेटका तारलाई चरणबद्ध रूपमा भूमिगत गर्ने कार्यलाई निरन्तरता दिइने छ।

७.विश्वव्यापी मापदण्ड अनुरूप अपाङ्गमैत्री र वातावरणमैत्री भौतिक संरचना निर्माण गरिने छ।

८.महानगरपालिका भित्रका खोला संरक्षण अभियानलाई तीव्रता दिई केरूङ्गा घोल, पुङ्गी खोला, पोखरी, तालहरूको संरक्षण गरी आकर्षक पर्यटकीय कोरिडरका रूपमा विकास गरिने छ।

९. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा नारायणी नदी किनारमा निर्माणाधीन **सी बीच मोडेल सहितको मनोरञ्जन पार्क**लाई गुरूयोजना बमोजिम सम्पन्न गरिने छ । संघीय सरकारको लगानीमा नारायणी नदीमा ३ प्याकेजमा ठेक्का मार्फत निर्माणको काम सम्पन्न हुने चरणमा रहेको छ भने नारायणीको बाँकी खण्ड र राप्ती नदीमा तटबन्धन गर्न संघीय सरकार सँग आवश्यक समन्वय गरिने छ। त्यसैगरि नारायणी नदीमा जलमार्ग निर्माण तथा यात्रुको सहजताका लागि टर्मिनल निर्माण गर्न संघीय सरकारसँग आवश्यक पहल र समन्वय गरिने छ।

१०.महानगर गौरवका आयोजनाहरूलाई सार्वजनिक-निजी साझेदारी विधिबाट सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

११.संघ तथा प्रदेश सरकारको सहयोग र सहकार्यमा महानगरपालिका भित्र निर्माणाधीन देशकै बृहत् महानगरीय चक्रपथ र लिङ्करोड निर्माण कार्य अगाडि बढाइने छ। भरतपुरमा निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको सिटीहल, रानीपोखरी, लक्ष्मी नारायण मन्दिर तथा पार्कलगायतका आयोजनाहरू संघीय सरकारसंगको समन्वयमा निर्माण सम्पन्न गरी आ.व. ०८१।०८२ भित्र सञ्चालनमा ल्याइने छ।

१२.खाल्टा-खुल्टीमुक्त महानगरपालिका बनाउने अभियानलाई निरन्तरता दिँदै पूर्वाधार एम्बुलेन्ससहितको प्राविधिक टिम बनाई परिचालन गरिने छ। चोक तथा घुम्ती सुधारका कार्यक्रमहरु संचालन गरिने छ।

१३.वी.पी. शान्ति नगर वन, सामुदायिक वन तथा धार्मिक वनहरूमा अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार निर्माण गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ।

१४. जङ्गली जनावरका कारण हुने मानवीय तथा बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न फाउण्डेसन सहितको मेसजाली निर्माण गर्ने कार्यलाई यसै वर्ष सम्पन्न गर्ने लक्ष्य लिईएको छ।

१५. संघीय सरकारको सहयोगमा नारायणगढ पुल्चोकस्थित नारायणी नदीमा निर्माणाधीन सिग्नेचर पुल समयमै निर्माण सम्पन्न गर्न आवश्यक समन्वय गरिने छ। साथै भरतपुरलाई कावासोतीसँग जोड्न वडा नं. २६ को घोसरघाटस्थित नारायणी नदीमा र माडीसँग जोड्न वडा नं. २३ को ध्रुवघाटस्थित राप्ती नदीमा सडक पुल निर्माणका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिने छ। यसैगरी प्रदेशको लगानीमा वडा नं. १६ स्थित श्री सिद्धिगणेश मन्दिरबाट गैंडाकोट न.पा. १३ जोड्न नारायणी नदीमा झोलुङ्गे पुल यसै आ.व. मा निर्माण गर्न आवश्यक समन्वय गरिने छ।

१६. महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास आयोजनाहरूको जनसहभागिता सम्बन्धी नीतिमा एकरूपता कायम गरिने छ। सिञ्चाई, खानेपानी, सामुदायिक भवन, सतह ढल, सडक ढलान, ग्राभेल लगायतका योजनाहरूमा कम्तिमा १० प्रतिशत जनसहभागिता अनिवार्य गरिनेछ भने जनसहभागिता नजुट्ने योजनाहरू; विद्यालयका भौतिक संरचनाहरू, कल्भर्ट तथा सडक कालोपत्रे गर्ने कार्यलाई अनिवार्य बोलपत्रको माध्यमबाट कार्यान्वयन गरिने छ।

१७. राष्ट्रिय गौरवको आयोजनाकारूपमा रहेको निर्माणाधीन **गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला** संघ, प्रदेश र महानगरपालिकाको साझेदारीमा निर्माण कार्यलाई तीव्रता दिइने छ ।

१८. संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा भरतपुर महानगरपालिकाको वडा नं. १४ मा **संघीय शिक्षक अस्पताल** र वडा नं.

१५ मा **प्रादेशिक आयुर्वेद अस्पताल** निर्माणका लागि आवश्यक समन्वय गरिने छ।

१९. संरचना अभिलेखीकरणलाई निरूत्साहित गर्दै भवन निर्माण संहितालाई कडाइका साथ कार्यान्वयन गरी सबैखाले घर, टहरा निर्माण कार्यलाई नियमन गरी नक्सापासको दायरामा ल्याइनेछ। नक्सापास गरेर मात्र सेवाग्राहीलाई विद्युत, खानेपानीलगायत सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइने छ।

२०. महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरूको भवन तथा संरचना निर्माण गर्दा अनिवार्य नक्शापास गर्नुपर्ने व्यवस्था गरिनुका साथै पुराना सरकारी संरचनाहरूको अभिलेख राखी राजश्वको दायरामा ल्याइने छ।

२१. महानगरपालिकावासीलाई सार्वजनिक सेवामा सहज, सरल र पूर्वाधारमैत्री पहुँच सुनिश्चितताका लागि निर्माणाधीन भवनहरुलाई सम्पन्न गरी बाँकी वडा कार्यालय र स्वास्थ्य संस्थाका भवन निर्माण कार्य अगाडि बढाइने छ।

२२. भरतपुर महानगरपालिकाको पहल र समन्वयमा भरतपुर विमानस्थलको आधुनिक टर्मिनल भवन निर्माण अगाडि बढिरहेको छ। विमानस्थल विस्तारको कार्य आ.व. ०८१।०८२ बाटै सुरूवात गर्न पहल र समन्वय गरिने छ।

२३. संघीय सरकार तथा प्रदेश सरकार र महानगरपालिकाको साझेदारीमा नारायणी लिफ्ट सिंचाइ आयोजनालाई बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइने छ। वर्षायाममा परेको पानी सञ्चित गरी भूमिगत जल प्रणालीलाई संरक्षण गर्न मौजुदा पोखरीहरूको संरक्षण गर्दै कृत्रिम पोखरीहरू निर्माण गर्ने कार्य अगाडि बढाइनेछ। यसबाट जमिनमा पानीको पुनःभरण (Re Charge) हुन गई वातावरणमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

२४. कल्भर्ट निर्माण र विस्तारको कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने छ।

२५. सार्वजनिक जग्गा खोज, पहिचान तथा संरक्षण कार्यलाई अभियानको रूपमा अगाडि बढाउँदै हरियालीमैत्री, वातावरणमैत्री र खेलकुदमैत्री सहर निर्माणको लागि कम्तिमा **"एक वडा, एक पार्क"**, **"एक वडा, एक खेल मैदान"** र नगरवासीको स्वस्थ जीवनको लागि कम्तिमा **"एक वडा, एक खुला व्यायमशालाको"** नीतिलाई निरन्तरता दिइने छ।

२६. विकास सेवा र कर प्रणालीमा डिजिटल र स्मार्ट भरतपुर कार्यक्रम अन्तरगत जी.आई.एस. (GIS) मा आधारित घर नम्बर प्रणाली (Metric system) तयार गरी घर नम्बर प्लेट जडान गर्ने कार्य अगाडि बढाइने छ।

२७. पुल्चोक गोन्द्राङ्ग ६ लेन सडक र बाइपास सडक निर्माण सम्पन्न हुने चरणमा रहेका छन्। यी लगायत फराकिला सडकहरूमा हरियाली प्रवर्धन र सौन्दर्यीकरणका लागि आवश्यक कार्य तीव्रतासाथ अगाडि बढाइने छ।

२८. दियालो बङ्गलामा पार्कसहित थप पर्यटकीय पूर्वाधार निर्माण गरी संग्रहालयका रूपमा सञ्चालनमा ल्याइने छ ।

२९. पर्यटकीय पूर्वाधार निर्माण गर्दै देवनगर वन्यजन्तु उद्धार केन्द्र, ज्ञानेश्वर सामुदायिक वनमा खुला चिडियाखाना (Open Zoo) लाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने छ ।

३०. संघीय सरकारको त्रिभुज परियोजना अन्तर्गत भरतपुर कोणमा पर्यापर्यटन, जल यात्रा र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार निर्माण गर्न पहल तथा समन्वय गरिने छ ।

३१. **मेयर विपन्न आवास** कार्यक्रम सञ्चालन गरिने छ ।

३२. देवघाटमा निर्माणाधीन विद्युतीय शवदाहगृहलाई आ.व. ०८१।०८२ मै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक समन्वय गरिने छ। यसैगरि

अन्य घाटहरुमा पनि प्राथमिकताको आधारमा शवदाह संस्कारका लागि पूर्वाधारका कार्य अगाडि बढाइने छ।

३३. वडा नं २९ को चौकीडाँडा क्षेत्रलाई हिल स्टेशनको रूपमा विकास गर्न पूर्वाधार विकासमा निजी क्षेत्रलाई प्रोत्सहान गरिने छ । स्थानीय समुदायलाई होमस्टे सञ्चालनमा आवश्यक सहयोग गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ।

३४. वडा नं २८ को गोलाघाट क्षेत्रमा विभिन्न जातजातिको कला-संस्कृति, भेष-भुषा झल्कने साँस्कृतिक ग्राम (Cultural Village) निर्माण गरी उक्त क्षेत्रलाई विशेष पर्यटकीय आकर्षणको रूपमा विकास गरिने छ ।

३५. प्रजातन्त्र सेनानीहरूले प्राण आहुती गरेको भरतपुर वडा नं १० स्थित गेष्ट हाउस चउरलाई आकर्षक शैलीमा शहिद मञ्चको रूपमा विकास गर्न जिल्ला समन्वय समिति, चितवनसंग सहकार्य गरिने छ।

## वातावरण तथा विपद् व्यवस्थापन

### खानेपानी

३६. मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने महानगरबासी उपभोक्ताको खानेपानी महसुल भुक्तानी हुने व्यवस्थालाई निरन्तरता दिइने छ ।विपन्न समुदायका घर धुरीलाई शुद्ध पिउने पानीको व्यवस्थाका लागि निःशुल्क धारा तथा मिटर जडान गरिने छ।

### वातावरण तथा हरियाली प्रवर्धन

३७. **"भरतपुर महानगरः हरियाली तथा स्वच्छ शहर"** अवधारणालाई सार्थक बनाउन हरियाली प्रवर्धनका कार्यक्रमलाई तीव्रता दिइने छ ।बाइपास रोड र पुल्चोक गोन्द्राङ ६ लेन सडकलाई हरित नमूना सडकको रूपमा विकास गरिने छ ।

३८. **"एक घर, दुई रूखको नीति"** लाई घर निर्माण सम्पन्न प्रक्रियामै अनिवार्य समावेश गरी प्रभावकारी कार्यान्वयन गरिने छ।सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई मागको आधारमा निःशुल्क रूपमा विरूवा वितरण गरी वृक्षारोपण र संरक्षणको व्यवस्था मिलाइने छ ।निजी क्षेत्र र सामाजिक संघसंस्थासँगको साझेदारीमा सडक तथा नदी किनार र सार्वजनिक जग्गामा वृक्षारोपण गर्न एवम् विरुवा हुर्काउने अभियानलाई निरन्तरता दिइने छ ।

**वातावरण तथा सरसफाई**

३९. फोहोरमैलाको दीगो व्यवस्थापनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्न सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा सहकार्य गर्ने प्रक्रियालाई अगाडि बढाइने छ।

४०. महानगरपालिकाभित्र आवश्यक स्थानमा सार्वजनिक शौचालयहरू निर्माण कार्यलाई निरन्तरता दिइने छ।

४१. फोहोरलाई स्रोतमा नै अनिवार्य वर्गीकरण गर्न प्रेरित गरिने छ ।वर्गिकरण नगरी फोहोर उत्सर्जन गर्ने उत्सर्जकहरूलाई कडाइकासाथ दण्ड जरिवाना गर्ने नीति अवलम्बन गरिने छ।अन्तिम विसर्जनका लागि ल्याइएका फोहरहरूलाई वातावरणमैत्री विधिबाट व्यवस्थापन गरिने छ।

४२. चालीस माइक्रोन भन्दा कमको प्लास्टिक झोलाको प्रयोगलाई निषेध गर्दै जैविक झोला प्रयोग गर्न प्रोत्सहान गरिने छ ।

४३. फोहोर व्यवस्थापन, हरियाली प्रवर्धन एवम् सौन्दर्यकरण गर्न सामाजिक संघ संस्था/टोल विकास संस्था/वडाहरूलाई प्रतिस्पर्धी बनाउने नीति लिदै सूचकमा आधारित वातावरणमैत्री घर, टोल, वडा घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

४४. अस्पतालजन्य फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित स्वास्थ्य संस्थाले अनिवार्यरूपमा निर्मलीकरण गराउन पूर्ण जिम्मेवार बनाउँदै जथाभावी फोहोर

गर्नेलाई दण्डनीय बनाइने छ ।

४५. फोहोरमैलाको दीर्घकालीन समाधानको लागि ल्याण्डफिल साइट निर्माण गर्न आवश्यक प्रकृया पूरा गरी जग्गा व्यवस्थापनसहित निर्माण कार्यको थालनी गरिने छ । साथै दीर्घकालीन समाधान नहुँदासम्म वडा नं.३ तथा वडा नं. २३/२४ को फोहोर विसर्जन स्थानमा पूर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

४६. हरियाली महानगरपालिका कार्यक्रमको लागि महानगरपालिकाको आफ्नै नर्सरी स्थापना गरी सञ्चालन गरिने छ।

**नगर सभा सदस्यज्यूहरू, अब म विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम तर्फ अघि बढ्न चाहन्छुः**

## विपद् व्यवस्थापन

४७. भरतपुर महानगरपालिकाको विपद् जोखिम नक्साङ्कन (Hazard Mapping) गरी विपद् सूचना प्रणालीलाई व्यवस्थित गरिने छ। जलवायु अनुकुलन र ऊर्जा प्रभावकारी भवन निर्माण सम्बन्धी दक्षतामा अभिवृद्धि गर्न सो सम्बन्धी मापदण्ड र कार्यविधी निर्माण गरी महानगरपालिका क्षेत्रभित्र निर्माण हुने भवनहरूमा क्रमशः लागू गर्दै लगिने छ।

४८. महानगरपालिकाबाट सम्पादन हुने आयोजनाहरूलाई विपद् उत्थानशील विकासको अवधारणा अनुसार कार्यान्वयन गरिने छ। आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता विकास गरी स्वयंसेवक परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

**यातायात व्यवस्थापन**

४९. मुख्य सहरी तथा बजार क्षेत्रका सडक तथा पेटीहरुमा पार्किङ निशेधको नीतिलाई कडाइका साथ कार्यान्वयन गर्दै निजी क्षेत्रसँगको सहकार्यमा सःशुल्क पार्किङ व्यवस्थापनलाई अगाडि बढाइनेछ। नगरभित्र **नो भेहिकल जोन** पहिचान गरी कार्यान्वयन गरिने छ ।

५०. भरतपुर महानगरपालिका क्षेत्रमा सञ्चालन हुने म्याजिक तथा अटोजस्ता साना सवारी साधनलाई अभिलेखीकरण तथा रूट इजाजत प्रदान गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।

५१. लामा तथा छोटो दूरीमा सञ्चालन हुने सवारी साधनलाई भरतपुर केन्द्रीय बस टर्मिनल र नारायणगढ बसपार्कमा केन्द्रित गरी सञ्चालन गर्न प्रभावकारी संयन्त्र परिचालन गरिने छ ।

५२. सडक लेन अनुशासनको पूर्ण पालना, ट्राफिक जाम तथा अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्न ट्राफिक प्रहरीसंग सहकार्य गरिने छ ।

**सामाजिक विकास**

**शिक्षाः “गुणस्तरीय शिक्षा, महानगरको अपेक्षा”**

५३. तीन वर्ष उमेर पूरा गरेका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गरिने छ ।

५४. दिवा खाजा, विद्यालय सञ्चालन र व्यवस्थापनका लागि मापदण्डको आधारमा सशर्त अनुदान उपलब्ध गराइने छ । कक्षागत र विषयगत शिक्षक व्यवस्थापनका लागि युवा स्वयम् सेवा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५५. विपन्न, सीमान्तकृत, लोपोन्मुख र दलित समुदायका बालबालिकाहरूका लागि शैक्षिक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । फरक क्षमता भएका

बालबालिकाहरूको लागि श्रोतकक्षा र विशेष विद्यालय सञ्चालनलाई निरन्तरता दिइने छ । माध्यमिक तहका विद्यार्थीका लागि सञ्चालन गरिदै आएको **पढ्दै कमाउँदै, कमाउदै पढ्दै** कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिइने छ ।

५६. विद्यालयहरूलाई प्रस्तावको आधारमा ठूला विद्यालय (Big School) को रूपमा विकास गरिने छ । एउटै सेवा क्षेत्रभित्र भएका माध्यमिक विद्यालयलाई अग्रणी विद्यालय (Lead School) को रूपमा र आधारभूत विद्यालयहरूलाई ठूला विद्यालयको आधार विद्यालय (Satellite School) को रूपमा शैक्षणिक गतिविधिमा सहकार्य र समन्वय गराइने छ ।

५७. "**व्यवहारिक शुक्रबार**" कार्यक्रमलाई रचनात्मक, व्यवहारिक, प्रयोगात्मक र परियोजनामा आधारित बनाउँदै सिर्जनशिल शिक्षाको आधारको रूपमा कार्यान्वयन गरिने छ ।

५८. निश्चित रकम भन्दा बढी आन्तरिक आम्दानी भएका सामुदायिक विद्यालयहरूको आम्दानीको निश्चित प्रतिशत रकम नगर शिक्षा कोषमा जम्मा गरी उक्त रकम नगर भित्रका विपन्न, असहाय र अनाथ बालवालिकाहरूको शिक्षा र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा लगानी गरिने छ ।

५९. संस्थागत विद्यालयहरूको शुल्क निर्धारणलाई विद्यालय वर्गीकरणसङ्ग आवद्ध गरिने छ । संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत, व्यवस्थित र पारदर्शी बनाइने छ । संस्थागत विद्यालयको नियमनलाई प्रभावकारी बनाइने छ ।

६०. कोचिङ सेन्टर, सीप विकास तथा तालिम केन्द्र, तयारी कक्षा लगायतका संस्थाहरूको अभिलेखीकरण र नियमनलाई प्रभावकारी बनाइनेछ ।

६१. महानगरपालिकाबाट विद्यालयहरूको आन्तरिक लेखापरीक्षण कार्य प्रारम्भ गरी सामुदायिक विद्यालयको वित्तीय उत्तरदायित्व प्रवर्धन गरिने छ ।

६२. **विद्यार्थीसँग नगर प्रमुख कार्यक्रम**लाई निरन्तरता दिइने छ । विद्यालयको अनुगमन र सुपरिवेक्षणलाई सूचकमा आधारित बनाइने छ। शैक्षिक क्रियाकलापहरूलाई शैक्षिक क्यालेन्डरमा आधारित बनाइनुका साथै सबै विद्यालयहरूमा विद्यालय वडापत्र कार्यान्वयन गरिने छ ।

६३. शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति, गुनासो सुनुवाइ समिति, सूचना अधिकारी, गुनासो सुन्ने शिक्षक, लैंगिक सम्पर्क शिक्षक र खरिद इकाइ लगायतका संयन्त्रमा आवद्ध पदाधिकारीहरूलाई कार्य जिम्मेवारीको सम्बन्धमा अभिमुखीकरण गरिने छ ।

६४. विद्यालय संरचना एवम् परिसर सुधार कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन गरिने छ ।सबै प्रकारका विद्यालयहरूको भवनलाई कलर कोडको आधारमा रङ्गरोगन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

## भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

६५. भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको सङ्गठानात्मक संरचनालाई समयानुकूल परिमार्जन गर्दै भाषा, साहित्य, कला र संस्कृतिको उत्थानको लागि महानगर प्रज्ञा प्रतिष्ठानलाई प्रभावकारी बनाइने छ ।

६६. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कला र संस्कृतिको संवर्धनका लागि कला गृह (आर्ट ग्यालरी) निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

**नगर सभा सदस्यज्यूहरु, अब म यूवा तथा खेलकुदको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।**

## युवा तथा खेलकुद

६७. **"युवासंग उपमेयर उद्यमशीलता कार्यक्रम"** सञ्चालन गरी युवाहरूलाई

स्वरोजगार र व्यवसायी बनाउने नीति लिइने छ । उद्यम गर्न चाहने युवाहरूलाई सीपमूलक तालिम उपलब्ध गराइने छ ।

६८. शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, पर्यटन र समाज सेवा लगायतका क्षेत्रमा युवा स्वयंसेवक परिचालनलाई निरन्तरता दिइने छ ।

६९. कुलत र दुर्व्यसन नियन्त्रण लगायतका विषयमा परामर्श र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी युवाहरूमा सकारात्मक सोच विकास गर्ने नीति लिइने छ।

७०. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ शिल्डका अतिरिक्त **मेयर कप** खेलकुद कार्यक्रम सञ्चालन गरिने छ । क्रिकेट, फुटबल खेलहरूको विद्यालय स्तरीय लिग सञ्चालन गरिने छ । **उपमेयर कप** भलिबल प्रतियोगिता सञ्चालन गर्ने तथा फरक क्षमता भएका विद्यार्थीहरूको खेल प्रतियोगिता आयोजना गरिने छ।

७१. सामुदायिक विद्यालयहरूलाई खेल सामग्री उपलब्ध गराइने छ । युवा स्वयंसेवक खेल प्रशिक्षक कार्यक्रमलाई विस्तार गरिने छ ।

७२. अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगितामा पदक जित्ने महानगरवासी खेलाडीहरूलाई प्रोत्साहन र सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ।

७३. महानगरको खेलकुद गतिविधि र कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नगर खेलकुद विकास समिति र वडा खेलकुद समितिको संस्थागत विकास गरिने छ ।

## स्वास्थ्य सेवा

७४. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा व्यवस्थापनका लागि आधारभूत स्वास्थ्य सेवा, नगर स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्य

क्लिनिक, वर्थिङ सेन्टर, स्वास्थ्य प्रयोगशाला लगायतका संस्थामा आवश्यकता अनुसार दक्ष जनशक्तिको व्यवस्था गरिने छ ।

७५. महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई भरतपुर अस्पतालबाट प्रदान गरिदैं आएको निःशुल्क ओपिडि टिकट अनुदानलाई निरन्तरता दिइने छ । बालबालिका, महिला, ज्येष्ठ नागरिकलगायत लक्षित समूहका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ।

७६. घर घरमा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य सेवा प्रदान गरिने **"समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम"** लाई निरन्तरता दिइने छ।

७७. बालबालिकाहरूलाई दिइने सवै खोप कार्यक्रमलाई विशेष जोड दिदै भरतपुर महानगरपालिका पूर्णखोप घोषणा भइसकेको अवस्थामा सोको दिगोपनाका लागि कार्यक्रम सञ्चालन गरिने छ । एचआईभी संक्रमित बालबालिकाहरूको पोषण प्रवर्धनका लागि सहयोग गरिने छ ।

७८. महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाई सुदृढ बनाउनका लागि प्रदान गरिदैं आएको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७९. सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई प्रदान गरिदै आएको **निःशुल्क यातायात/एम्बुलेन्स खर्च** प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ। महानगरपालिकाका वर्थिङ सेन्टरहरूमा सुत्केरी हुने महिलाहरूलाई **पोषण सहयोग** प्रदान गरिने छ ।

८०. महानगरपालिका क्षेत्रमा सञ्चालित निजी स्वास्थ्य प्रदायक संस्थाहरूबाट अनिवार्य रूपमा प्रदान गरिने १० प्रतिशत छुटको व्यवस्थालाई अनिवार्य गरिने छ।

८१. विद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य परिक्षण स्क्रिनिङ क्रियाकलापहरू सञ्चालन गरिने छ । खोप क्लिनिक, गाउँघर

क्लिनिक लगायत सामुदायिक सेवालाई निरन्तरता दिदै हेल्थ डेस्क एवम् मोबाइल हेल्थ क्लिनिक सेवाहरू प्रदान गरिने छ ।

८२. सार्वजनिक स्थल एवम् सोको १०० मिटर वरपर सूर्तिजन्य पदार्थको बिक्रीवितरण र प्रयोगलाई निषेध गरिने छ।

८३. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिमा स्वास्थ्य प्रबर्धनका क्रियाकलाप सञ्चालन गरी ज्येष्ठ नागरिकहरूको लागि समुदाय स्तरसम्म कार्यक्रम सञ्चालन गरिने छ।

८४. महानगरपालिका भित्र मापदण्ड विपरित तथा सञ्चालन स्वीकृती नलिई सञ्चालनमा रहेका निजी अस्पताल, पोलिक्लिनिक, डायग्नोष्टिक केन्द्र, स्वास्थ्य क्लिनिक, प्रयोगशाला सेवा, आयुर्वेद अस्पताल तथा क्लिनिक, औषधि पसल, फर्टिलिटी सेन्टर एवम् स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन गरी मापदण्ड अनुसार सञ्चालन गर्न अनिवार्य गराईने छ ।

८५. नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या नियन्त्रणका लागि जनस्वास्थ्य प्रवर्धनका अभियानहरू सञ्चालन गरिने छ साथै जनस्वास्थ्यका विषयमा खोज, अध्ययन एवम् अनुसन्धानमा जोड दिईने छ।

नगर सभा सदस्यज्यूहरुः

## लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेसीकरण

८६. **छोरी जीवन बीमा** कार्यक्रम अन्तर्गत भरतपुर महानगरपालिका भित्र स्थायी बसोबास गरी सरकारी स्वास्थ्य संस्थामा जन्म हुने छोरीहरूका लागि **बाल उमङ्ग छोरी जीवन बीमा** कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८७. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन, जनयुद्ध

तथा सबै प्रकारका आन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवारका लागि प्रदान गरिदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८८. महानगरपालिका क्षेत्र भित्रका विपन्न महिला, बालबालिका, सिमान्तकृत, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाति, यौनिक अल्पसङ्ख्यक एवम् वञ्चितीमा परेका लक्षित समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणका कार्यक्रममा जोड दिइने छ ।

८९. सबै प्रकारको हिंसा विरूद्ध शून्य सहनशीलताको नीति लिइनेछ ।

९०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।संघ, प्रदेश र निजी क्षेत्रको सहकार्यमा महानगरपालिका भित्रका उद्यमशील महिलाहरूलाई थप प्रोत्साहित गर्दै लगिने छ।

९१. महानगरपालिकाको महिला सशक्तीकरण नीति बनाई कार्यान्वयनमा ल्याइने छ।

९२. महानगरपालिका क्षेत्र बाहिरका बालबालिकालाई बालगृहमा संरक्षण दिइने कार्यमा सम्बन्धित पालिकालाई जवाफदेही बनाउन अन्तरपालिका समन्वय एवम् सहकार्यको नीतिलाई निरन्तरता दिइएको छ । महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सबै बालगृह तथा पुनर्स्थापना गृहहरूको नियमित अनुगमन र नियमनमा निरन्तरता दिई थप व्यवस्थित गर्दै लगिने छ ।

९३. छुवाछुत एवम् बालविवाहमुक्त महानगरपालिका बनाउने नीतिलाई कार्यान्वयन गर्दै लगिने छ । दलित तथा गैर दलित विवाह गर्ने दम्पतिलाई सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९४. **"एक वडा, एक जेष्ठ नागरिक विश्रामस्थल"** तथा **दिवा सेवा केन्द्र** स्थापना तथा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिदै वडा तहमा जेष्ठ नागरिक

विश्रामस्थल निर्माण र सञ्चालनमा जोड दिइने छ ।महानगरपालिका भित्र सञ्चालनमा रहेका जेष्ठ नागरिक आश्रय गृहहरूको अभिलेख व्यवस्थापन गर्नुका साथै समयानुकूल सुधार गर्दै लगिनेछ ।

९५. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भिर्यताको आधारमा अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ साथै मध्यम अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९६. सामाजिक विकृति एवम् विसङ्गति तथा लागू पदार्थ दुर्व्यसन नियन्त्रण गर्न सरोकारवाला निकाय एवम् सामाजिक संघसस्थाहरू बीच साझेदारी र सहकार्य विस्तार गरी परिवार, समुदाय तथा विद्यालय तहमा किशोरी मैत्री अनुकूल वातावरण बनाउन सचेतनामूलक अभियानमा जोड दिइने छ ।

## संघ-संस्था समन्वय तथा समुदाय परिचालन

९७. महानगरपालिका अन्तर्गत कार्यरत सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूलाई महानगरपालिकाको आवश्यकता र प्राथमिकताका कार्यक्रमहरू मात्र सञ्चालन अनुमति प्रदान गर्ने र तिनलाई एकद्धार प्रणालीमार्फत परिचालन गरिने छ।

९८. **"भरतपुर महानगरपालिकाको विकासमा नागरिकको सहभागिता"** भन्ने नारालाई मूर्तरूप दिन टोल विकास संस्थाहरूलाई अझ बढी क्रियाशील गराइ प्रतिष्पर्धात्मक वातावारणमा मूल्याङ्कन गरी प्रोत्साहन गरिने छ ।

९९. वैदेशिक रोजगारबाट प्राप्त आय र सोको सदुपयोग सम्बन्धी वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्दै वैदेशिक रोजगारीको कारणले अप्ठ्यारोमा परेका व्यक्ति तथा परिवारलाई कानुनी साहयता सेवा, मनोसामाजिक परामर्श

सेवालाई विस्तार एवम् सुचारू गर्न संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सामाजिक संघसस्थासँग सहकार्य र समन्वय गरिने छ ।

## व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा

१००. जन्म, मृत्यु, विवाहदर्ता, सम्बन्ध विच्छेद र बसाईसराईजस्ता व्यक्तिगत घटना दर्ता (Vital Registration) को अभिलेखलाई Digitized गर्ने कार्यलाई निरन्तरता दिइएको छ । सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत बनाइने छ ।

नगर सभा सदस्यज्यूहरू, अब म कृषि तथा पशु विकास सम्बन्धी नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

## कृषि विकास / पशु सेवा विकास

१०१. भरतपुर महानगरपालिकालाई उन्नत बिउ तथा खाद्यान्न उत्पादनको हबको रूपमा विकास गरिने छ।

१०२. वैदेशिक रोजगारबाट फर्केकाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्नका लागि व्यवसायिक खेती गर्न कृषि उपकरण खरिदमा अनुदान, बाँझो जमिनमा खेती गर्ने कृषकहरूलाई प्रोत्साहन गरिने छ। रैथानै बालीको प्रवर्धन, प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन, आई. पि. एम. कृषक पाठशालालाई निरन्तरता, रासायनिक मलको न्यायोचित वितरण तथा नियमन, कृषि सूचना प्रणालीको विकास गरिने छ। कृषि तथा पशु बीमा कार्यक्रमलाई निरन्तरता, कृषिको तथ्यांकलाई सुदृढीकरण, किसानका क्षमता अभिवृद्धि गर्ने तथा प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गरिने छ।

१०३. कृषि तथा वन विज्ञान विश्वविद्यालयसंग कृषि तथा पशुपालनको क्षेत्रमा प्रविधि विकास तथा विस्तार र विज्ञ सेवाको लागि सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ।

१०४. **"भरतपुर भ्रमण वर्ष २०२४"** को सन्दर्भमा महानगरपालिकामा रहेका उत्कृष्ट कृषि फर्महरूलाई अध्ययन अवलोकन र नमुनाका रूपमा विकास गरी कृषि पर्यटन (एग्रो टुरिज्म) लाई प्रवर्धन गर्न कृषक समूह तथा सहकारीहरूलाई प्रोत्साहन गरिने छ ।

१०५. **"स्वस्थ आहार, स्वस्थ व्यवहार"** अनुरूप आफैले आफ्ना लागि  तरकारी उत्पादन तथा हरियाली प्रवर्धनका लागि  सहरी क्षेत्रमा कौशी र करेसाबारीमा तरकारी, फलफूल तथा फूल खेती प्रवर्धन गर्न प्रोत्साहन गरिने छ ।

१०६. **"खेतखेतमा कृषि प्राविधिक, गोठ गोठमा पशु प्राविधिक"** नीतिलाई कार्यन्वयनमा लगिने छ।

१०७. भरतपुर महानगरपालिका र विश्वविद्यालय तथा अन्य शिक्षण संस्थाहरूसंग सहकार्यको माध्यमवाट प्रविधि विकास, प्रसार तथा अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गरिने छ।

१०८. दुध उत्पादनमा दिईदै आएको उत्पादनमा आधारित प्रतिलिटर रू. ३/- अनुदान कार्यक्रमलाई निरन्तरता दिदैं दुधको गुणस्तर वृद्धि गर्न विशेष जोड दिइने छ।

१०९. पशुवस्तुहरूको नश्ल सुधारको माध्यमबाट उत्पादन क्षमता अभिवृद्धि गर्न आधारभूत आवश्यक सामग्रीहरू निःशुल्क उपलब्ध गराउँदै मागमा आधारित पशुसेवा तथा मत्स्य कार्यक्रम अन्तरगतका  घाँस खेति बिस्तार , माछा मासु, दुग्ध र अण्डाको पसल सुधार, गोठको सुधार, जैविक सुरक्षा, यान्त्रिकरण, गढ्यौले मल उत्पादन, साईलेज उत्पादन आदिलाई निरन्तरता दिइने छ। बाच्छी तथा पाडीहरूको उचित संरक्षण गर्नुको साथै प्रोत्साहनका

कार्यक्रमहरू अगाडि बढाई गाई/भैंसीको नश्लको श्रोत केन्द्रको रूपमा विकास गरिने छ।

११०.पशु स्वास्थ्य शिविर, हर्ड हेल्थ कार्यक्रमलाई निरन्तरता दिदै आर्थिक अवस्था कमजोर भएका रोजगारी नभएका निर्वाहमुखी, सिमान्तकृत विपन्न परिवारको जीविकोपार्जनका लागि प्रोत्साहन गरिनेछ।

१११.रेविज रोग रोकथाम तथा नियन्त्रण, सामुदायिक कुकुर तथा विरालोहरूको बन्ध्याकरण, सामुदायिक (सडक) पशुहरूको ब्यवस्थापनमा जोड दिईने छ।

११२.मत्स्य फर्महरूमा प्रयोग हुने विद्युत महशुलमा ५०% अनुदान सहयोगलाई निरन्तरता दिईने छ ।

११३.पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक रोगहरूको अभियानको रूपमा खोप कार्यक्रम सञ्चालन गरी **जोनिंग तथा कम्पार्टमेन्टलाई** जेसनको माध्यमवाट विभिन्न वडाहरूमा क्रमिक रूपमा रोग मुक्त घोषणा कार्यक्रम अगाडि बढाईने छ।

११४.पशु वधशाला तथा मासु जांच ऐन तथा नियमावलीहरूको प्रभावकारी कार्यान्वयन गर्न पशु बधशाला निर्माण कार्यलाई विशेष प्राथमिकता साथ अगाडि बढाईनेछ।

**नगर सभा सदस्यज्यूहरु,**

## सहकारी तथा रोजगार प्रवर्धन नीति

११५.सहकारी अभियानको जननीको रूपमा परिचित बखान सहकारी संस्थालाई संग्रहालयको रूपमा विकास गरी सहकारी अध्ययन केन्द्रको रूपमा विकास गर्न आवश्यक पहल गरिने छ ।सहकारी संस्थाहरूलाई समुदायस्तरमा प्रवर्धन गरी वित्तीय तथा गैर वित्तीय सहकारी संस्थाहरूलाई वडा-वडामा

उत्पादनमा केन्द्रित हुन प्रोत्साहन गरिने छ ।

११६. सहकारी संस्थाहरूको एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिवी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी संस्थाहरूको आवद्धतालाई अनिवार्य गरिने छ ।

११७. भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ लाई संशोधन गरी सहकारी नियमावली तर्जुमा, सहकारी सूचना केन्द्र स्थापना र कालोसूची सम्बन्धी व्यवस्था गरी सहकारीमा देखिएका समस्या समाधान गरिने छ।

११८. सहकारी शिक्षा, तालिम र अनुगमन मार्फत सहकारी संस्थाहरूमा संस्थागत स्व अनुशासनको नियमन सहकारी सुशासन प्रवर्धनलाई प्रोत्साहन गरी संस्थाहरूमा असल अभ्यासको क्षमता अभिवृद्धि गरिने छ ।

११९. उत्पादनमुलक (दुग्ध, कृषि, तरकारी, मौरी, मत्स्य, जडिवुटी लगायत) सहकारी संस्थाहरूलाइ प्रदान गर्दै आएको ५० प्रतिशत अनुदानमा कृषि उपकरण, मिल, चिलिङ भ्याट, मिल्क एलनाईजर लाई निरन्तरता दिईनेछ । साथै सहकारी संस्थालाई आवश्यक भौतिक पुर्वाधार निर्माणमा वित्तीय साझेदारी गरिने छ ।

१२०. भरतपुर महानगरपालिकामा दर्ता रही लामो समयदेखि कारोवार नभएका तथा निस्कृय रहेका सहकारी संस्थाहरूलाई आवश्यक प्रकृया पुरा गरी खारेज गरिने कार्यलाई अगाडि वढाउने निति लिईने छ। बाहिरी जिल्लामा दर्ता भई महानगरपालिकालाई कार्यक्षेत्र बनाएका सहकारी संस्थाहरुलाई महानगरपालिकाको पूर्वस्वीकृती नलिई सेवा केन्द्र सञ्चालनमा रोक लगाइने छ।

१२१. सहकारी संस्थाहरूमा देखिएका अर्थिक अनियमितता, बेथिति लाई निरूत्साहित गर्दै कारवाहिको दायरामा ल्याउन पहल गरिने छ । साथै सहकारी संस्थामा देखिएको समस्या पहिचान गरि आवश्यक समाधानको

लागि विज्ञ सहितको नगरस्तरीय सञ्जाल गठन गरिने छ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१२२. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिइने छ । युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक विविध कार्यक्रम सञ्चालन गरिने छ।

१२३. श्रम संस्कृतिको विकास गर्न **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिने छ र नगरमा उद्यम गर्ने उद्यमीहरूलाई आफ्नो व्यापार तथा व्यवसायको प्रवर्धन तथा प्रचारप्रसार गर्न प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

१२४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृति आवेदन सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिदै वैदेशिक रोजगारीमा गएका व्यक्तिमा देखा परेको समस्याहरूको समाधानका लागि स्थानीय स्तरबाट सहजीकरण गरिने छ । **विदेशको सीप स्वदेशमा लगानी** गर्न प्रेरित गरिनेछ।

१२५. रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान तथा रोजगारीको क्षेत्रमा नवीनतम उपाय र विधिको पहिचान गर्न रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालन एवम् महानगर रोजगार रणनीति तर्जुमा गरिने छ ।

## सुशासन तथा संस्थागत विकास

१२६. महानगरपालिकामा सदाचारिता प्रवर्धन र गुणस्तरीय सेवा मार्फत सुशासनको प्रत्याभूति गर्नका लागि महानगरपालिकाका वडा कार्यालयहरूलाई

पूर्वाधार सम्पन्न बनाई सेवाग्राहीमैत्री बनाइनेछ, सेवा प्रक्रियामा सरलीकरण गर्दै सबै वडा कार्यालयमा प्रयोगमा आएको अनलाईन दर्ता चलानीलाई थप व्यवस्थित बनाईनेछ ।

१२७. कर्मचारीमा रहेको ज्ञान, सीप, योग्यता र क्षमताको व्यवस्थापन गर्दै कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी नतिजाका आधारमा सकारात्मक र नकारात्मक उत्प्रेरणाका उपायहरू अवलम्बन गरिने छ।

१२८. सेवाग्राहीको सन्तुष्टि मापन गरी प्राप्त सल्लाह सुझाव अनुसार कार्यालयमा समयानुकुल सुधार तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन **नागरिक मत सर्भेक्षण**को **(Exit Poll)** व्यवस्था मिलाइने छ। कर्मचारीहरूको क्षमता बृद्धी गरी सेवा प्रवाह सहज बनाउन आवश्यक तालिमको व्यवस्था मिलाईनेछ।

१२९. कर्मचारी प्रशासनमा सदाचारयुक्त संस्कृतिको विकास गर्न ***"भरतपुर महानगरपालिकापालिकाका कर्मचारीहरूको आचारसंहिता २०७४"*** मा संशोधन गरी कर्मचारी अनुशासन तथा नियन्त्रणलाई थप प्रभावकारी बनाईनुका साथै महानगरपालिका र मातहतका निकायहरूमा नागरिक बडापत्रहरूलाई समयानुकूल अद्यावधिक गरी नागरिक बडापत्रको बारेमा जनतालाई सुसूचित गरिने छ।

१३०. जनप्रतिनिधिहरू र कर्मचारीबीच व्यवसायिक सम्बन्धको विकास गरी समृद्ध र सुसंस्कृत महानगरपालिका निर्माण गर्न आवश्यक व्यवस्था मिलाईने छ।

१३१. महानगरपालिकाको संस्थागत सुदृढिकरणको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा स्विकृतिको लागि पेश गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) का लागि पहल गरिने छ।

१३२. जोखिमयुक्त कार्य गर्ने नगर प्रहरी, वारूणयन्त्र इकाइमा कार्यरत कर्मचारी,

बिजुली मिस्त्री लगायतका कर्मचारीको दुर्घटना बीमा एवम् सरसफाईमा कार्य गर्ने कर्मचारीका लागि स्वास्थ्य बीमा गरिने छ ।

१३३. भवन निर्माण, सडक कालोपत्रे जस्ता प्राविधिक रूपमा जटिल प्रकृतिका योजनाहरू उपभोक्ता समिति मार्फत् सञ्चालन नगर्ने/नगराउने नीति लाई निरन्तरता दिईनेछ ।

१३४. महानगरपालिकाको जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री एवम् व्यवस्थित बनाउन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई थप व्यवस्थित बनाईनेछ ।

१३५. उपभोक्ता हित संरक्षण र प्रवर्धनको लागि गरिने बजार अनुगमनलाई निरन्तरता दिईनेछ । साथै, खाद्यन्न, फलफुल तथा तरकारीको विषादी परीक्षण प्रयोगशाला स्थापना गर्न संघ तथा प्रदेशमा आवश्यक पहल गरिने छ ।

१३६. भरतपुर महानगरपालिकाको गत आ.व. मा सुरू भएको राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यलाई निरन्तरता दिइ वडा-वडामा घुम्ती शिविर सञ्चालन गर्न आवश्यक समन्वय गरिने छ ।

१३७. स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आर्थिक सुरक्षाका लागि कर्मचारीको योगदान रहने गरी कर्मचारी कल्याण कोषको व्यवस्थालाई निरन्तरता दिइने छ। करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइने छ।

१३८. महानगरपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूलाई साबिकको स्थानीय भत्ताको व्यवस्थालाई निरन्तरता दिइने छ।

१३९. नगर प्रहरी सेवालाई थप सशक्त तथा गुणस्तरिय बनाउन क्षमता विकास तथा स्रोत साधन सम्पन्न बनाई दक्ष सुरक्षाबलको रूपमा विकास गरिने छ।

नगर सभा सदस्यज्यूहरू:

१४०. भ्रष्टाचार र अनियमितता विरूद्ध शुन्य सहनसिलता को नीति अपनाइनेछ ।बेरूजु र अनियमितता रोक्न स्थानीय सदाचार नीति र कानुन नै बनाई कार्यान्व्यन गरिने छ साथै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने छ।

१४१. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शिता, उत्तरदायी र जवाफदेही बनाउन प्रविधिमा आधारित तथा अनलाइन सार्वजनिक सुनुवाईको अभ्यास सुरूवात गर्दै सेवा प्रवाह तथा विकास व्यवस्थापनका सन्दर्भमा महानगरपालिकावासीहरूको गुनासो व्यवस्थापन गर्न Call Center मार्फत सम्बोधन गरिने छ।

१४२. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सेवा प्रवाहमा समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने छ।

## राजस्व प्रशासन

१४३. सम्पत्ति करको दरलाई यथावत राखी दायरा विस्तारको नीति लिइने छ ।साथै यसलाई नक्सापास तथा घर निर्माण सम्पन्न सँग आवद्ध गर्दै नक्सापास नभएका संरचनाहरूलाई समेत मूल्याङ्कन गरी करको दायरामा ल्याइनेछ ।

१४४. करदाताले पेश गरेको सम्पत्तिको विवरणलाई अध्यावधिक गरिने छ साथै मालपोत तथा नापी कार्यालयसँग समन्वय गरी कर सूचना प्रणाली र भुसूचना (GIS Based) प्रणालीमा आवद्धता गरी कर म्यापिङ्ग (Tax Mapping) गर्न सकिने सफ्टवेयरको व्यवस्था गरि कार्यान्वयनमा ल्याइनेछ।

१४५. महानगरपालिका र मातहतका वडा कार्यालय तथा जिल्ला स्थित सरकारी

निकायसँग समन्वय गरी कर तथा शुल्कलाई सेवासँग आबद्ध गर्दै लगिनेछ।

१४६. करको दायरामा ल्याउनको लागि महानगरपालिका भित्र रहेका टोलविकास संस्थाहरूलाई वडा मार्फत परिचालन गरिने छ र सम्बन्धीत टोल विकास संस्थाले उठाएको आवासीय तर्फको घर बहाल कर रकमको तीन प्रतिशतले हुन आउने रकम सम्बन्धित टोल बिकास संस्थाको कार्यक्रम प्रस्ताव स्वीकृत गरी खर्च गर्ने व्यवस्था मिलाइनेछ।

१४७. व्यवसाय करलाई समय सापेक्ष पुनरावलोकन गरी सबै करदातालाई करको दायरामा ल्याइनेछ। व्यवसाय करलाइ व्यवस्थित गर्नको लागि व्यवसायिको वर्गीकरण गरी सोही वर्गिकरणको आधारमा करको दर निर्धारण गर्दै लगिने छ।

१४८. अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर महानगरपालिकामा व्यवसाय दर्ता नभएका व्यवसायहरूलाई आ.व.०७६/०७७ सम्मको व्यवसाय कर तथा घरवहाल कर छुट दिई आ.व. ०७७/०७८ देखि व्यवसायकर लाग्ने गरी व्यवसाय दर्ता गरिने छ। बक्यौता व्यवसाय कर तिर्ने करदातालाई निश्चित कर तथा जरिवाना छुटको नीति लिइने छ ।

१४९. करदाता शिक्षा प्रदान गरी करको दायरामा ल्याउने उद्देश्य अनुरूप **“हाम्रो लागि हाम्रै प्रयासः कर अभियान मार्फत समृद्धि र विकास”**लाई निरन्तरता दिई आ.व. २०८१/०८२ लाइ राजस्व लक्ष्य पुरा गर्ने वर्ष कायम गरिने छ।

१५०. राजस्व प्रशासन अर्न्तगत कार्यरत कर्मचारीहरूलाई क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१५१. महानगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल विटौरी शुल्क

असुलीलाई प्रभावकारी तुल्याइने छ ।

१५२. एम्बुलेन्स र शव वाहन तथा अपांगता भएका व्यक्तिहरूले प्रयोग गर्ने सवारी साधनमा पार्किङ निःशुल्क गरिने छ।

१५३. वडा कार्यालयहरूमा राजस्वको फोकल युनिट स्थापना गरी राजस्व संकलनलाइ व्यवस्थित गरिने छ साथै विगतको राजस्व वृद्धिदर एवम् राजस्व सम्भावनाको आधारमा वडागत लक्ष्य तोकिने छ। सो लक्ष्यलाई वडागत प्रोत्साहनको आधार बनाइनेछ।

१५४. वडास्तरमा हुने मासिक बैठकमा कम्तिमा १ वटा बैठक राजस्व सँग सम्बन्धित राखि वडागत राजस्व लक्ष्य, सम्भावना, सुधारको समिक्षा गरी राजस्व संकलनलाइ थप व्यवस्थित बनाईनेछ।

१५५. स्थानीय कर तथा गैह्र कर राजस्वलाई प्रभावकारी अनुगमनका लागि क्षेत्रगत रूपमा कार्य जिम्मेवारी सहितको कार्यदल परिचालनलाई निरन्तरता दिइने छ ।

१५६. महानगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पोखरी ,तालतलैया, सामुदायिक वनहरूको स्थलगत निरीक्षण, पहिचान गरी राजस्वको दायरामा ल्याउने नीति अवलम्वन गरिने छ ।

१५७. महानगरपालिकाको दिगो आन्तरिक श्रोतको रूपमा रहेको नदीजन्य पदार्थको दिगो व्यवस्थापन एवम् आन्तरिक आम्दानीको बढोत्तरीका लागि महानगरपालिकाको अन्य महाशाखासँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कनको लागि समयमा नै प्रकृया अगाडि बढाई आय ठेक्कालाई व्यवस्थित गरिने छ।

१५८. समयमा कर दाखिला गर्ने असल करदाताको पहिचानको लागि **असलकरदाता स्टिकर** प्रदान गर्ने तथा असल करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**आर्थिक प्रशासन**

१५९. ईलेक्ट्रोनिक फण्ड ट्रासफर (EFT) मार्फत भुक्तानी पद्धतिलाई प्रभावकारी बनाईनेछ ।

१६०. विगत आ.व. मा भएको बेरूजु फछ्यौट कार्यलाइ निरन्तरता दिन फोकल व्यक्ति तोकिनेछ।

नगर सभा सदस्यज्यूहरु, हामी भ्रमण वर्ष २०२४ विविध कार्याक्रमका साथ मनाइरहेका छौं। यसै बिच म पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

## पर्यटन

१६१. भरतपुर भ्रमण वर्ष २०२४ लाई थप प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र र अन्य सरोकारवालाहरूको सहभागिता, समन्वय र सहकार्यमा विभिन्न प्रवर्धनात्मक पर्यटकीय क्रियाकलाप आयोजना गरी उत्सवको रूपमा मनाउने कार्यक्रमलाई निरन्तरता दिइने छ |

१६२. ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको संरक्षण एवम् प्रबर्धन गर्दै गन्तव्य स्थलको विशेषता अनुरूप ब्रान्डिङ गरिने छ ।

१६३. होमस्टे दर्ता तथा सञ्चालन कार्यविधि तर्जुमा गरी होमस्टे पर्यटनलाई थप व्यवस्थित गरिने छ। देवघाट क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रको रुपमा थप व्यवस्थित गरिने छ।

१६४. भरतपुर(चितवन) - पोखरा(कास्की) - लुम्बिनी(रूपन्देही) स्वर्ण त्रिकोण (Golden Triangle) पर्यटन प्रवर्धन गरिने छ |

१६५. पहाडी तथा आदिवासी जनजाति, पिछडा वर्ग आदिको भाषा, लिपि,

बाजागाजा, रीतिरिवाज, परम्परा, संस्कृति, चाडपर्व, मेला-महोत्सव आदिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइने छ।

१६६. पटिहानी, मेघौली, गोलाघाट र देवघाट क्षेत्रलाई चलचित्र छायांकन केन्द्रको रूपमा विकास गरिने छ। पर्यापर्यटनको विकास र प्रवर्धनमा विशेष जोड दिइने छ।

**योजना, अनुगमन तथा बजेट**

१६७. महानगरपालिकाको विकास र समृद्धिको लागि योजना तर्जुमाको क्रममा स्थानीय आवश्यकताको पहिचान गरी सरोकारवाला राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, विषय विज्ञ, विकास साझेदार, टोल विकास संस्था र युवा वर्ग लगायतसँग छलफल तथा अन्तर्क्रियाबाट प्राप्त राय सुझावका आधारमा योजना तर्जुमा गरिने छ ।

१६८. दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी महानगरपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी स्रोतको व्यवस्थापन र कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

१६९. नेपालको संविधान, संघ तथा प्रदेशबाट जारी विद्यमान नीति तथा कानूनी व्यवस्था, विगतमा भएका योजनाहरूको कार्यान्वयनको समिक्षा, बदलिँदो विश्व परिवेशमा आधारित भई योजना तर्जुमा गरिने छ।

१७०. आवधिक योजना २०८०/०८१-२०८४/०८५, कार्यान्वयनमा ल्याइनुका साथै मध्यमकालीन खर्च संरचना तथा परियोजना बैंक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७१. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ लाई पूर्ण रूपमा कार्यान्वयन गरी संस्थागत गरिने छ । लिजामा अधिकतम अंक हासिल गर्ने गरी कार्यसम्पादन अगाडि बढाईनेछ ।

१७२. भरतपुर महानगरपालिका अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रम आयोजना तथा परियोजनाहरू प्रभावकारी रूपले सञ्चालन गर्न आयोजनाहरूको पूर्व मूल्याङ्कन (Ex-ante), कार्यान्वयन समयको मूल्याङ्कन(On-going), अन्तिम वा सम्पन्न मूल्याङ्कन गरी ३ चरणमा अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिने छ ।

१७३. महानगरपालिकाको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण सम्बन्धि कार्यविधि,२०८१ तर्जुमा गरी लागू गरिने छ । आयोजना, परियोजनाहरको अनुगमन तथा मूल्याङ्कनमा नवीनतम प्रविधि, अध्ययन अनुसन्धान गर्ने कार्यको प्रारम्भ गरिने छ ।

१७४. विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त भएको नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधार गरिने छ ।

१७५. योजना तथा बजेट प्रणालिलाई प्रभावकारी रूपमा सञ्चालन गर्न चौमासिक तथा वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिने छ।

१७६. बजेट निर्माण प्रक्रियालाई सरल, नजितामुखी, पारदर्शी र यथार्थपरक बनाइनेछ।

१७७. स्थानीयस्तरमा गठन हुने उपभोक्ता समिति तथा टोल विकास संस्थाहरूलाई योजना सञ्चालन, प्रचलति ऐन कानुनको पालना र योजना फरफारक सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

## सूचना तथा सञ्चार प्रविधि

१७८. महानगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्धन गरिने छ ।

१७९. स्थानीय प्रशासनको समन्वयमा २९ वटै वडाका मुख्य मुख्य स्थानहरूमा

सी.सी. क्यामेरा जडान गरी अपराध नियन्त्रणका साथै सडक तथा सार्वजनिक सुरक्षालाई चुस्त दुरूस्त बनाउन यसै आ.व. बाट सुरू गरिने छ।

१८०. आधुनिक प्रविधिको प्रयोगमार्फत विश्वसनीय सूचना प्रवाहका लागि महानगरपालिकामा स्थापना भएको सूचना प्रविधि एकाइ (IT CELL) लाई थप व्यवस्थित गरिने छ ।

१८१. सूचना मनोरञ्जन र डिजिटल सेवा लिन सहज हुने गरी नारायणी नदी किनार, बसपार्क र अन्य सार्वजनिक पार्कहरूमा वाइफाइ फ्रि (Wi Fi Free Zone) क्षेत्र कार्यान्वयनमा ल्याइने छ ।

१८२. नेपाल पत्रकार महासंघ, संचार सम्बद्ध संघ संस्थाहरूको संस्थागत क्षमता विकासका लागि आवश्यक नीति लिइने छ। स्थानीय संचार माध्यमहरूको प्रवर्धन र प्रतिस्पर्धी बनाउन दिईदै आएको स्थानीय लोक कल्याणकारी विज्ञापन नीतिलाई निरन्तरता दिइने छ।

१८३. भरतपुर महानगरपालिकाको सूचना प्रविधि क्षेत्र (IT HUB) को रूपमा विकास गर्न राष्ट्रिय एवम् अन्तराष्ट्रिय संघ संस्थाहरूको सहकार्य र लागत साझेदारीमा सूचना प्रविधि पार्क तथा इन्कुवेशन केन्द्र स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

### न्यायिक समिति

१८४. न्यायिक समितिलाई थप पूर्वाधारयुक्त बनाई दक्ष जनशक्तिको व्यवस्था गरी छिटोछरितो न्याय सम्पादन गरिने छ । मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने पद्धतिलाई स्थानीय स्तरबाटै प्रत्यक्ष न्यायको अनुभूत हुने गरी सम्बद्ध सरोकारवाला पक्षलाई प्रशिक्षित गर्दै अझ बढी सक्रिय बनाइने छ।

## अन्तर्राष्ट्रिय सम्बन्ध तथा शिष्टाचार

१८५. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्दै सहरी पूर्वाधार, कृषि र पर्यटनको विकास र सेवा प्रवाहका सम्बन्धमा आपसी अनुभव तथा प्रविधि हस्तान्तरण आदान-प्रदान गर्न मित्र राष्ट्रहरूका शहरहरूसँग भगिनी सम्बन्ध कायम गरिने छ ।

१८६. भगिनी सम्बन्ध कायम भएका स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक सम्बन्ध विस्तार गरिने छ। भगिनी सम्बन्ध कायम भएको पालिकासंग आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न साझेदारी गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

## उद्योग

१८७. उद्योग र उद्योगीहरूको क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । नयाँ उद्यमी सिर्जना गर्न Startup उद्यमीका लागि क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी तालिम कार्यक्रममा आवश्यक सहयोग गरिने छ ।

१८८. महानगरपालिका भित्र छरिएर रहेका उद्योगहरूलाई व्यवस्थित गर्ने गरी बागमती प्रदेशको आर्थिक सहयोगमा वडा नं २० र संघीय सरकारको आर्थिक सहयोगमा वडा नं २१ मा उद्योग ग्राम निर्माणलाई सम्पन्न गर्न आवश्यक सहयोग र समन्वय गरिने छ।

१८९. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने साना, लघु तथा घरेलु उद्योगहरूको स्थापनाका लागि प्रोत्साहन गरिने छ। उद्योगले गरेको रोजगारी सिर्जना र राजश्वमा गरेको योगदान, औद्योगिक उत्पादनको मौलिकता तथा स्थानीय कच्चा पदार्थको उपयोग आदिका आधारमा **Commercially Important Person (CIP)** दिने व्यवस्थालाई सुरूवात दिइने छ

१९०. महानगरपालिका भित्र सञ्चालित महिला उद्यमीहरूलाई प्रोत्साहन गर्न तालिम, सीप विकास, प्रविधि हस्तान्तरण र उद्यमशीलता विकासका लागि आवश्यक सहयोग प्रदान गरिने छ। साना तथा घरेलु उद्योगसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नका लागि उद्योग सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरिने छ। साथै परम्परागत पेशा, सीप र व्यवसायलाई प्रवर्धन गरिने छ।

नगरसभाका सदस्यज्यूहरू,

अन्त्यमा, महानगरको विकास, समृद्धि र सुशासनको अभियानमा नीति तथा कार्यक्रम निर्माण गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपले सघाउ पुऱ्याउनुहुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, विषय विज्ञज्यूहरू, नगरसभाका सदस्यज्यूहरू, निजी तथा गैरसरकारी संघसंस्था, नागरिक समाज, सञ्चारमाध्यम, पत्रकार जगत, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण महानगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

रेनु दाहाल

नगर प्रमुख

१० असार २०८१